१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १०५ ॥ २०८२ जेठ १० गते शनिबार (24rd May 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# जंगली च्याउ खाएर एकको मृत्यु ,चार सिकिस्त



झापा(प्रस)। इलाममा जंगली च्याउ खाएर एकजनाको मृत्यु भएको छ ।

जंगली च्याउ खाएर सिकिस्त बनेकी एक युवतीको उपचारका क्रममा मृत्यु भएको हो । इलाम माङसेबुङ ५ लारुम्बा घर भई हाल सूर्योदय वडा नं. ४ ठुलो श्रीबुङगस्थित आमत थुलुङ राईको घरमा डेरामा बसी ज्यालामा चिया टिप्ने काम गर्दै आएका तीनजनाले मंगलवार बेलुका जंगली च्याउ खाएका थिए । जंगलबाट ल्याएको जंगली च्याउ खाएर इलाम माङसेबुङ ५ लारुम्बा बस्ने ५२ वर्षीय अमर लावती ,सोही ठाउँ बस्ने १७ वर्षीया नुमा लावती र २२ वर्षीया मनिसा थेगिम लिम्बू बुधवार दिउँसो सिकिस्त बनेका थिए । उनीहरुलाई उपचारका लागि अस्पताल लगिएको थियो । त्यसमध्ये नुमा लावतीको शुक्रवार दिउँसो २.४० बजे विराट नर्सिङ विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । मृतकको शव सोही अस्पतालमा रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

त्यस्तै शुक्रवार नै जंगली च्याउ खाएर इलाममा आमा छोरी सिकिस्त भएका छन् । आज बिहान अन्दाजी ११ बजे इलाम चुलाचुली- ४ पालिका टोल वस्ने डम्बरबहादुर राईकी श्रीमती ४२ वर्षीया पुनम राई र उनकी छोरी १८ वर्षीया नाम्ची राईले आफ्नै बारीमा उम्रिएको च्याउ पकाएर खाएका थिए । सोही च्याउ खाएर उनीहरु बिरामी भएका हुन् । दुवैजनाको आम्दा अस्पताल दमकमा उपचार भइरहेको छ । बोल्न सक्ने दुवै जनाको अबस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । इलाम प्रहरीले जंगली च्याउ नखान सबैलाई आव्हान गरेको छ। जिल्ला प्रहरी कार्यालयले अपिल नै जारी गरेको छ ।

वर्षायामको मौसमसँगै जंगलमा फल्ने बिषालु च्याउ , बिषालु साग र निगुरोको सेवनबाट स्वास्थ्यमा प्रतिकुलता आउनुका साथै मृत्यु पनि हुनसक्ने जनाउँदै जंगलमा फल्ने च्याउ सबै स्वस्थकर नहुने भएकाले जंगली च्याउ सेवन नगर्न अपिल गरेको हो । च्याउ भाँच्दा चोप निस्कियो भने र छुँदा त्यसको रङ्गमा परिवर्तन आएमा त्यो विषालु हो।बैजनी तथा गाढा रातो रंगका च्याउ प्रायः विषालु हुन्छन् । च्याउको माथि रहने छाता छाम्दा खस्रो एवं तलमाथि उठेको देखिएमा विषालु हो भनि अनुमान गर्न सकिन्छ। नमिठो गन्ध, तीतो स्वाद, धेरै भुस भएका र माटो तथा गोवर काठ दाउरामा उम्रेका च्याउ खाँदा विचार पुर्याउनु पर्दछ ।

विषालु च्याउको वरिपरि किराहरु नलाग्ने हुन्छ, त्यसैले यी च्याउहरु देख्दा राम्रा तथा चिटिक्क परेका आकर्षक देखिन्छन् । च्याउलाई कुखुराको अण्डा एवं दुधमा राख्दा केहि समयपश्चात् दुध फाटेमा एवं अण्डा जमेमा पनि उक्त च्याउ विषालु हुनसक्छ ।

# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा

• **लक्ष्मी उप्रेती**



मेचीनगर । सरकारले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यमा सक्रियता बढाएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना स्थापना गरेर अहिले देशका विभिन्न पालिकाहरुमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाअन्तर्गत विभिन्न कार्यक्रम सुरु गर्दै आएको छ ।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना लागू भएका पालिकाहरुमा परियोजना कार्यान्वयन युनिट स्थापना गरेर काम शुरु भएको लैङ्गिक हिंसा विज्ञ कमला उप्रेती रिजालले जानकारी दिइन् ।

विश्व बैंकको सहयोगमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना अन्तरगतको लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रम कोशी प्रदेशको धनकुटा जिल्लाको धनकुटा, मोरङ जिल्लाको उर्लाबारी, झापा जिल्लाको मेचीनगर नगरपालिका र संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका तथा लुम्बिनी प्रदेशको तिलोत्तमा र रामग्राम नगरपालिकामा ' पाइलट प्रोजेक्ट' को रुपमा सञ्चालन भइरहेको रिजालले जानकारी दिइन् । परियोजना कार्यान्वयन युनिट स्थापना गरिएको झापाको मेचीनगर नगरपालिकाले सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया तथा प्रशिक्षणमूलक कार्यक्रम सञ्चालन गरिरहेको मेचीनगर नगरपालिकाको महिला, बालबालिका शाखाले जनाएको छ । विश्व बैंकको अनुदान सहयोगमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाअन्तर्गत मेचीनगरमा लैङ्गिक हिंसा न्यूनीकरणको तीन वर्षे अभियान सुरु भएको पालिकाले जनाएको छ ।

लैङ्गिक हिंसाविरुद्ध संलग्न सरोकारवाला, मेलमिलापकर्ताहरु , कर्मचारी तथा जनप्रतिनिधिहरु र पुरुष सञ्जालका लागि क्षमता अभिवृद्धि कार्यक्रम धमाधम सञ्चालन गरिरहेको नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेतीले जानकारी दिइन् । मेचीनगर नगरपालिकाको महिला, बालबालिका शाखा प्रमुख जयन्ती खरेलले कार्यक्रममा सरोकारवालाहरुको उल्लेख्य सहभागिता रहेको तथा कार्यक्रम निकै लाभदायक रहेको प्रतिक्रिया दिइन् ।

शाखाले जेठ ४ गतेदेखि नगर सभाहल, काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको सभाहलमा कार्यक्रम आयोजना गरिरहेको खरेलले बताइन् । जेठ ६ र ७ गते १५ वटै वडाका मेलमिलापकर्ताहरुलाई, जेठ ८ र ९ गते दलित महिला, महिला जनप्रतिनिधि, शाखा प्रमुख, महिला वडा सचिव, कार्यपालिका सदस्यहरुलाई र जेठ १० र ११ गते नगरपालिकाले गठन गरेको पुरुष सञ्जालको कार्यसमिति र वडाका सञ्जाल प्रतिनिधिहरुलाई प्रशिक्षण प्रदान गर्ने कार्यतालिका रहेको खरेलले बताइन् । लैङ्गिक हिंसा अन्त्यका लागि गठित 'पुरुष सञ्जाल'को क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम समेत तय गरेको छ । नगरपालिका क्षेत्रभित्रका

❖ बाँकी अन्तिम पृष्ठमा

# बाह्रदशी जेसीजद्वारा १७ जना विद्यार्थीको अभिभावकत्व ग्रहण

झापा(प्रस)। बाह्रदशी जेसीजले सामुदायिक विद्यालयमा अध्ययनरत १७ जना विद्यार्थीको अभिभावकत्व ग्रहण गरेको छ ।

अति विपन्न विद्यार्थीको अध्ययनमा सहजताका लागि अभिभावकत्व ग्रहण गर्दै शैक्षिक सामग्रीसमेत बितरण गरेको छ । बाह्रदशी गाउँपालिकाको कार्यालयमा आयोजित कार्यक्रमकाबीच १६ वटा सामुदायिक विद्यालयका विद्यार्थीलाई प्रतिविद्यार्थी चार हजार पाँच सय रुपैयाँ बरावरको स्कूल व्यागसहितका स्टेशनरी सामग्री प्रदान गरिएको थियो ।

गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाई, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलासहितले उनीहरुलाई नगद एक हजार रुपैयाँसहित स्टेशनरी सामग्री प्रदान गरेका थिए ।

बाह्रदशी जेसीजले सन २०२३ बाट यो कार्यक्रम सञ्चालन गर्दै आएको

❖ बाँकी तेस्रो पृष्ठमा

# मेची आँखा अस्पतालको अबस्था- विगत र वर्तमान



• **गणेश मादेन**

नेत्र स्वास्थ्य (Eye health) समग्र स्वास्थ्यको एक महत्वपूर्ण भाग हो । प्रायः सबै मानिसहरु स्पष्ट दृष्टिमा निर्भर छन् । स्पष्ट दृष्टिले मानिसहरुलाई आफ्नो पेशा , सौख र हरेक दिनको क्रियाकलापहरुमा सहभागिता गराउन मद्धत गर्दछ ।

नेत्र उपचारको चर्चा गर्दा १६ औं शताव्दीमा जर्मन चिकित्सक जर्ज बार्टिस(George Bartisch)ले नेत्र रोग (Ocular disease) बारे पुस्तक लेखेका थिए । सायद उनको समयमा उनी सुपरिचित नेत्र विज्ञ (Oculist) थिए । उनको जन्म ई. सं. १५३५ मा जर्मनीको सकसोनीमा भएको थियो । उनले आफ्नो चिकित्सा पेशा एक शिकारु कामदार( apprentice) को रुपमा १ वर्षको उमेरमै शुरु गरेका थिए । उनलाई विश्वका धेरैले आधुनिक नेत्र विज्ञानका पिता ( Father of modern opthalmology) को रुपमा मान्दछन् । उनको निधन ई. सं. १६०७ मा जर्मनीको ड्रेस्डेन शहरमा भएको थियो ।

नेपालमा नेत्र उपचार शुरुमा सरकारको स्वामित्वमा रहेको वीर अस्पतालमा मात्र उपलव्ध थियो । तर सीमित सुविधाका कारण उपचार प्रभावकारी हुन सकेको थिएन। यी यावत आवश्यकताहरुको पहिचान गर्दै दूरदर्शी नेत्र विशेषज्ञ डा. रामप्रसाद पोखरेल र उहाँजस्तै अन्य चिकित्सकहरुको सक्रियतामा वि.सं. २०३१ सालमा एउटा छुट्टै आधिकारिक अस्पतालको स्थापना भयो । जुन अस्पताल अहिले काठमाण्डौको त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालको रुपमा परिचित छ ।

बिर्तामोडमा नेत्र उपचारको इतिहास हेर्ने हो भने तत्कालीन अनारमनी गाविसका अध्यक्ष दूरदर्शी स्थानीय नेता हर्कलाल गिरी र उपाध्यक्ष काशीलाल चौधरीलगायतको पहलमा वि.सं. २०५१ सालमा भद्रपुरबाट स्थानान्तरण गरी ल्याएको नेत्र ज्योति संघ संस्थागत रुपमा संचालनमा आएको पहिलो उपचार केन्द्र हो । विकाससंग जोडिएका हर्कलाल गिरी , हर्कलाल मार्गले परिचित हुनुहुन्छ । राजनीतिले नचिनेको हर्कलाल गिरीको योगदान कम छैन ।

उपचार केन्द्र काँकरभिट्टा रोडस्थित बोलबम पेट्रोल पम्पनजिक भाडाको घरमा ' प्राथमिक आँखा उपचार केन्द्र बिर्तामोड' नामकरण गरी संचालनमा ल्याएका थिए । विश्व स्वास्थ्य संगठन(WHO) अन्तर्गतको ' अन्धोपन निवारण'( Prevention of Eye Blindness) आयोजनाले आर्थिक सहयोग गरेको थियो ।

गंगाप्रसाद बास्तोलाको नेतृत्वमा गठित समितिमा हर्कलाल गिरी , राजकुमार पोखरेललगायतका व्यक्तिहरुले संस्था सम्हाल्नु भएको थियो ।

कर्मचारीको रुपमा नेत्र चिकित्सा सहायक (Opthalmic Assistant) मेमलाल राजवंशीले जिम्मेवारी निर्वाह गर्नु भएको थियो । उहाँ लामो समयसम्म मेची आँखा अस्पतालमा कार्यरत रही अवकास भइसक्नु भएको छ । उहाँले नेत्र स्वास्थ्य क्षेत्रमा पुर्याउनु भएको योगदानको स्मरण गर्नै पर्छ । र, विगतमा अग्रजहरुले समाजमा पुर्याएको योगदानको स्मरण गर्न कन्जुस्याइँ गरिनु हुँदैन भन्ने आग्रह पनि हो ।

तर उपचार सेवा आरम्भ भएको केही वर्षपश्चात् विदेशी दातृ संस्था 'आइ केयर फाउन्डेशन द नेदरल्यान्डस् ' को आर्थिक सहयोगमा वि. सं. २०५३ सालमा 'प्राथमिक आँखा उपचार केन्द्र बिर्तामोड' लाई 'मेची आइ केयर सेन्टर' को रुपमा रुपान्तरण गरी चारपानेस्थित ( हाल बिर्तामोड- १) भाडाको घरमा संचालन भएको थियो ।

संस्थापक अध्यक्ष डा. जी. पी. पोखरेलको नेतृत्व र विषयगत दक्षताका कारण उपचार सेवा कार्य तिब्र गतिमा अघि बढेको थियो । त्यसपछि सेवाग्राहीको भीड र आकर्षणलाई ध्यानमा राखी सोही दातृ संस्थाको आर्थिक सहयोगमा सैनिकमोडस्थित चार विगाह क्षेत्रफलको निजी जग्गाभित्र नयाँ भवन निर्माण गरी वि. सं. २०६६ सालमा 'केयर सेन्टर' बाट अस्पतालको रुपमा उद्घाटन भएको मेची आँखा अस्पतालको सेवा यात्रा २९ वर्ष भइसकेको छ ।

तत्कालीन अबस्थामा आवश्यकताले जन्माएको 'प्राथमिक आँखा उपचार केन्द्र बिर्तामोड ' लाई जननी उपचार केन्द्रको रुपमा पनि लिन सकिन्छ ।

सामुदायिक आधारमा संचालित अस्पतालको नेतृत्व गर्ने अवसर भरतलाल गिरी , छत्र अधिकारी र दिनेश मित्तललगायतले पाउनु भएको थियो । उहाँहरुले पनि आफ्नो कार्यकालमा अस्पतालको सेवा सुविधा विस्तारका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

तर पछिल्लो अवस्थामा 'विकासको साथी भ्रष्टाचारको विरोधी' परिचय बनाउन सफल सामाजिक व्यक्तित्व जलकुमार गुरुङको पहिलो कार्यकालमै मेची आँखा अस्पतालको मुहार नै फेरिएको छ ।

उहाँ भन्नुहुन्छ - इच्छा शक्ति छ भने असंभव भन्ने केही हुँदैन । हो पनि, उहाँको आफ्नो कामप्रति सच्चा समर्पण र इच्छा शक्तिको कारण मेची आँखा अस्पतालले ठूलो फड्को मारेको छ ।

उहाँकै कार्यकालमा बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले उत्कृष्टता हासिल गरिसकेको छ । अझ खेलकुद क्षेत्रको फुटबलमा त झापा ११ टीमसंग जोडिएको झापा गोल्डकपको पिता नै

❖ बाँकी तेस्रो पृष्ठमा

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# झापामा ब्राउनसुगरसहित पाँच पक्राउ





झापा(प्रस) । झापामा ब्राउनसुगरसहित पाँचजना पक्राउ परेका छन् । बिहीवार राति ९.१५बजे झापा गाउँपालिका वडा न.४ सुकुम्बासी टोलमा खटिएको गस्ती टोलीले भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका झापा शिवसताक्षी वडा न.४ बस्ने २२ वर्षीय अनुरोध ताजपुरिया र सोही ठाउँ बस्ने १९ वर्षीय कुबेर कुमार ताजपुरियालाई ब्राउनसुगरसहित पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्दा अनुरोध ताजपुरियाले लगाएको ट्र्याक सुटको दाहिने साईडको फेरमा लुकाएर ल्याएको प्लाष्टिकसहित १ ग्राम १७० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुवैलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय कुमरखोदमा राखिएको छ ।

त्यस्तै बिहीवार बिहान मेचीनगर नगरपालिका वडा नम्वर -६ पुरानो मेची पुलमा भारतको पानीट्याङ्कीबाट साइकलमा आउँदै गरेका मेचीनगर नगरपालिका-७ इटाभट्टा बस्ने २५ वर्षीय घनश्याम माझी ब्राउनसुगरसहित पक्राउ परेका छन् । शंका लागेर शरीर तलासी लिँदा उनले मुखभित्र लुकाई राखेको प्लाष्टिक सहित १ ग्राम ३ मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ ।

त्यस्तै मलद्वारमा ब्राउनसुगर लुकाएर ल्याउँदै गर्दा मेचीनगरका दुईजना युवा पक्राउ परेका छन् । शुक्रवार साँझ ५ बजे मेचीनगर नगरपालिका वडा नम्बर-१० खयरडाँगीमा लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धुलाबारी र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले खयरडाँगी बस्ने ३३ वर्षीय मोहन चौधरी र मेचीनगर -१५ बस्ने ३४ वर्षीय डिपलेस मेचेलाई चेकजाँच गर्दा ब्राउनसुगर फेला परेको थियो ।

उनीहरुमध्ये चौधरीले मलद्वारमा लुकाएको अबस्थामा प्लाष्टिकसहित ६ ग्राम १५० मिलिग्राम ब्राउनसुगर फेला फरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुवै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धुलाबारीमा राखिएको छ । उनीहरुले प्रयोग गरेको मे.९प.३९४९ नम्बरको स्कुटर र स्मार्ट फोनसमेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## कवाडी टिप्नेहरु चोरीमा संलग्न
# दुई भारतीय फेरि पक्राउ



झापा(प्रस)। कवाडीको सामान भेला गर्दै हिड्ने दुई भारतीय चोरीको तारसहित पक्राउ परेका छन् ।
बुधवार बिहान मेचीनगर नगरपालिका -७ को ५ नम्बर पोष्टस्थित चिया बगानमा प्रहरी चौकी सतिघट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारत जिल्ला दार्जिलिङ पानीट्याङ्की बस्ने २७ वर्षीय तापच बर्मन र सोही ठाउँ बस्ने २२ वर्षीय अमित सरकारसंग अन्दाजी सय केजीको ४ मुठा तामाको तार फेला परेको थियो । प्रारम्भिक सोधपुछ गर्दा उक्त तार मेचीनगर नगरपालिका वडा नं. १३ चारआली आसपास क्षेत्रबाट चोरी गरेको खुलेको थियो । नेपाल टेलिकम धुलाबारी शाखाले बिजुलीको पोलमा जडान गरेको कपर नेटवर्कको तार चोरी भएको इलाका प्रहरी कार्यालय धुलावारीमा निवेदन दिएको थियो ।
अन्दाजी ८० हजार मूल्य बराबरको तारसहित उनीहरुलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टामा बुझाइएको छ । उनीहरुमाथि ५ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

एक महिनाअघि पनि टेलिफोनको तारसहित चारजना भारतीय मेचीनगर नगरपालिका -७ इटाभट्टामा पक्राउ परेका थिए । उनीहरुले मोरङ बेलबारी बजार आसपासमा निर्माणाधिन अवस्थामा रहेको सडक तथा पुलमुनि गाडेको ठाउँबाट तार चोरी गरेका थिए ।

# बस्नेतको स्मृतिमा वृक्षरोपण र रक्तदान

बिर्तामोड(प्रस) । रोटरी क्लब अफ बिर्तामोडले आफ्नो स्थापना दिवसको अवसर पारेर वृक्षरोपण र रक्तदान कार्यक्रम गर्ने भएको छ ।
बहुआयामिक सामाजिक व्यक्तित्व ,विभिन्न संघ संस्थाहरुमा आबद्ध , क्लबका पूर्व अध्यक्ष तथा सल्लाहकार बस्नेतको स्मृतिमा सो कार्यक्रम गर्ने संस्थाले निर्णय गरेको छ ।

प्रत्येक वर्ष २८ मईका दिन विभिन्न मनोरंजनात्मक रुपले मनाउँदै आएको ‘ रोटरी चार्टर डे ’ लाई यस वर्ष विनोद बस्नेतको अकल्पनीय निधनले स्तब्ध रोटेरियनहरूले पृथक रुपमा



मनाउने निर्णय गरेको क्लबका सेक्रेटरी डा सन्ध्या राठीले जानकारी दिएकी छन् ।

सोही निर्णयानुसार जेठ १४ गते विहान विराटपोखरस्थित विराट भरत विश्रान्ती आश्रम परिसरमा विभिन्न जातका फलफूलका बिरुवा रोपिने र बिर्ताबजारस्थित दुर्गा मन्दिर परिसरमा स्थानीय संस्थासंगको सहकार्यमा रक्तदान कार्यक्रम संचालन गरिने क्लबका प्रेसिडेन्ट सुरेशकुमार अग्रवाल ‘भद्रपुरे’ ले जानकारी दिएका छन् ।

पूर्वनिर्धारित क्लबको प्रि-बोर्ड मिटिङ र पूर्वअध्यक्षहरूको सम्मानसहितको कार्यक्रम आगामी दिनमा गर्नेगरी समयतालिका परिवर्तन गरिएको क्लवका एडमिनेस्ट्रेसन डाईरेक्टर मिनप्रकाश मैनालीले बताए ।

## जबरजस्ती करणीको आरोपमा विष्ट पक्राउ

झापा(प्रस) । जबरजस्ती करणी गरेको आरोपमा इलामका एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा इलाम नगरपालिका ४ छयारछयारे बस्ने ३२ वर्षीय गोबिन्द बिष्ट रहेका छन् ।

उनलाई जिल्ला प्रहरी कार्यालय इलामबाट टोली खटिएर शुक्रवार पक्राउ गरेको हो । विष्टले जेठ २ गते राति ९ बजे आफ्नै घर कोठामा २५ वर्षीया युवतीलाई जबरजस्ती करणी गरेका थिए । पीडितले दिएको जाहेरीको आधारमा विष्टलाई पक्राउ गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# ५० बोरा काक्राको बीउको तस्करीमा गिरोह संलग्न



झापा(प्रस) । भारततर्फ तस्करी हुन लागेको ५० बोरा काक्राको बीउमा ठूलै गिरोह संलग्न रहेको आशंका गरिएको छ । त्यति धेरै काक्राको बीउ कहाँबाट भेला गरी भारतमा लगेर के कति मूल्यमा बिक्री गर्न लागेको हो भन्ने खोजीको विषय बनेको हो । गत मंगलवार बिहान झापाको दक्षिणी नाकाबाट भारततर्फ तस्करी हुन लागेको ५० बोरा काक्राको बीउसहितको ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको थियो ।इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले झापा गाउँपालिका वडा नं.१ मा नम्बर प्लेट नखुलेको ट्र्याक्टरलाई शंका लागेर चेकजाँच गर्दा नेपालबाट भारततर्फ अवैध रुपमा भन्सार छली लाँदैं गरेको अवस्थामा ५० बोरा काक्राको बीउ फेला परेको थियो । प्रतिबोरा ५० के.जीका दरले काक्राको बीउ लोड रहेको थियो । अन्दाजी २ लाख ५० हजार बराबरको काक्राको बीउ र ट्र्याक्टरको मूल्य अन्दाजी ५ लाख गरी जम्मा ७ लाख ५० हजारको अवैध सामान आवश्यक कार्वाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाइएको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र खड्काले जानकारी दिए । उनले ट्र्याक्टर चालकको खोजी जारी रहेको बताए ।

त्यति बेला नम्बर नखुलेपनि सो ट्र्याक्टर भारतीय नम्बरको भएको मेची भन्सार कार्यालयका निमित्त प्रमुख रामचन्द्र ढुंगानाले बताए । उनले काक्राको बीउ र ट्र्याक्टरको साढे ७ लाख प्रतिवेदन मूल्य राखेर ३५ दिने हकदावीको सूचना जारी गरिएको जानकारी दिए । सूचना निकालेको ४ दिनसम्म अहिलेसम्म कसैले पनि दावी नगरेको उनले बताए । प्रहरीले बेवारिसे अबस्थामा फेला परेको भनेर भन्सारलाई काक्राको बीउसहितको ट्र्याक्टर बुझाएको थियो ।

**लैङ्गिक...**

१५ वटै वडाबाट छनौट भएका ‘पुरुष सञ्जाल’का सदस्यलाई कार्यक्रममा सहभागी गराइएको थियो ।
कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले महिला हिंसा सम्बन्धीका घटनाहरु समाजमा थुप्रै रहेको बताए । समाजमा विविध कारणले पुरुषहरु पनि अनेक खालको हिंसामा परेका घटना समाजमा प्रशस्तै रहेको बताए । नगरपालिका र दातृ निकायको सहयोगमा गरिने यस्ता अभियानलाई सबैले साथ र सहयोग लिएर लक्ष्यमा पुग्नु पर्ने उनको जोड छ । मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखेल उप्रेतीले सबैखाले हिंसा अन्त्यका लागि कुनै एक व्यक्ति वा संस्थाको प्रयासले मात्र सम्भव नहुने धारणा राखिन् । यसका लागि व्यक्तिगत सोच र व्यवहारमा परिवर्तन गर्नुपर्ने र स्थानीय तहदेखि नै हरेक घर सुरक्षित बनाउने अभियान सञ्चालन गर्नुपर्ने उनको भनाई थियो । लैङ्गिक हिंसासम्बन्धी बुझाइलाई समुदायस्तरसम्म पुऱ्याउने उद्देश्यसहित क्षमता अभिवृद्धि कार्यक्रमको आवश्यकता उपप्रमुख उप्रेतीले औल्याइन् । सहभागीहरुलाई मुख्यः सहजकर्ता लैङ्गिक हिंसा सम्बन्धी वरिष्ठ विज्ञ मेनुका वस्नेत विष्ट र लैङ्गिक हिंसा विज्ञ कमला उप्रेती रिजालले प्रशिक्षण दिएका छन् । सरकारले गत वर्ष लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाअन्तर्गत विभिन्न कार्यक्रम सुरु गरेको थियो । जसअनुसार मुलुकमै पहिलोपल्ट उर्लाबारी नगरपालिकाका अलवा धनकुटा नगरपालिका र मेचीनगर नगरपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना कार्यान्वयन युनिट स्थापना गरिएको छ ।

# इलामको माईमा अटो दुर्घटना , तीनजना घाइते




झापा(प्रस) । इलाममा अटो दुर्घटना हुँदा तीनजना घाइते भएका छन् । शुक्रवार बिहान १०:३० बजे इलाम माई नगरपालिका २ नमस्तेस्थित विर्तामोड- चिसापानी भित्री पक्की सडकखण्डमा महमाईबाट शुक्रबारेतर्फ जाँदै गरेको प्र १-०१-००१ ह ७३८० नं.को अटो दुर्घटना भएको हो ।

उक्त अटोको पछाडिपट्टीको दाहिने साइडको चक्का अचानक खुस्किएर अनियन्त्रित भई दुर्घटना भएको बताइएको छ । घाइते हुनेहरुमा अटो चालक माई -७ कप्पर सुख्खा वस्ने ५६ वर्षीय टेकप्रसाद लिम्बू (बाँया खुट्टामा सामान्य चोट अवस्था सामान्य ) , सोही अटोमा सवार सोही ठाउँ वस्ने ७९ वर्षीया तेजमाया लिम्बू (बाँया हातमा सामान्य चोट) र ७२ वर्षीया बुद्धिमाया आङदेम्बे ( बाँया हातमा सामान्य चोट ) रहेका छन् ।

घाइतेहरुलाई उपचारको लागि माई अस्पताल सितली दानाबारी पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## मोटरसाइकल बिक्री सम्बन्धी सूचना

प्रकाशित मिति-२०८२/०२/१०

यस नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड ४ को नाममा रहेको होन्डा कम्पनीको एसपी साइन १२५ सीसीको प्र १-०१-०१२प ३९३२ नं को मोडल २०१९ को रातो कालो रंगको मोटरसाइकल , बजाज कम्पनीको प्र १-०१-०१२ प ९२६७ नं को मोडल २०२० को रातो कालो रंगको १५० सीसीको पल्सर मोटरसाइकल, होन्डा कम्पनीको एसपी साइन १२५ सीसीको प्र १-०१-०१४प ६७८७ नं को मोडल २०२१ को रातो र कालो रंगको मोटरसाइकल र बजाज कम्पनीको प्र १-०१-०१२प १४२४ नं को मोडल२०१९ को कालो रंगको १५० सीसीको पल्सर मोटरसाइकल गरी चारवटा मोटरसाइकल बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र सहकारी संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**नयाँ मिलन**
**बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड -४, झापा
सम्पर्क- ०२३५३३०५६



## मनसुनजन्य विपद्बाट बच्ने उपाय

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बिर्तामोड नगरपालिकाको

**अत्यन्त जरुरी सूचना**

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उच्च रक्तचाप र मधुमेहको समस्या

**मानिसहरुमा उच्च रक्तचाप र मधुमेहको समस्या बढ्दै गएको छ ।केही वर्षयता धेरै नेपालीलाई मधुमेह रोगले दुःख दिइरहेको छ । उमेर ढल्कँदै गएकामा मात्रै होइन, साना बालबालिकामा समेत मधुमेह देखिन थालेको छ । बच्चामा अपवादका रूपमा देखिए पनि उमेर ढल्किँदै गएका धेरैमा यो समस्या भयावह नै छ । यसको मुख्य कारण भनेको अव्यवस्थित खानपान, जीवनशैली र मोटोपन हो । यो वंशानुगत समस्या पनि हो । मधुमेह यसकारण पनि खतरनाक हो कि यसले शरीरमा अन्य धेरै रोग सँगै निम्त्याउँछ । जसले गर्दा उच्च रक्तचापको समस्या, मिर्गौला, नसासम्बन्धी विभिन्न समस्या हुन सक्छ ।**

**मधुमेहकै हाराहारीमा देखिन थालेको अर्को समस्या उच्च रक्तचाप पनि हो । उच्च रक्तचाप पनि अव्यवस्थित जीवनशैली र नुनको बढी मात्रामा प्रयोगलगायत कारण देखिन्छ । उच्च रक्तचापले पनि शरीरमा अनेक समस्या निम्त्याउने गर्छ । यसले हृदयाघात, मिर्गौलामा समस्या, ब्रेन स्ट्रोकलगायत जोखिम बढाउँछ ।**

**मधुमेह र उच्च रक्तचापजस्ता समस्या देखिने कारण उस्तै छन् । प्रयः उच्च रक्तचापका बिरामीमा मधुमेह र मधुमेहका बिरामीमा उच्च रक्तचाप देखिको स्थिति छ । यद्यपि, सबै बिरामीमा यो लागू नहुन सक्छ । यस्ता रोग वंशानुगत कारणले पनि लाग्ने गर्छ । तर, यी रोगको मुख्य कारण भनेको अव्यवस्थित जीवनशैली नै हो । विशेषगरी जंकफुड तथा फास्टफुडको प्रयोग, उच्च क्यालोरीयुक्त खानाले यो समस्यालाई झन् बढाउँछ । मोटोपनलगायत स्वास्थ्य समस्या निम्त्याउँछ । शारीरिक व्यायाम नगर्ने, अधिक धूम्रपान, मद्यपान सेवन, निद्रामा गडबडीजस्ता कारण पनि समस्या बढ्दो क्रममा छ ।  दुवै रोगको पूर्ण उपचार सम्भव छैन । नियन्त्रणमा राख्नु मात्रै विकल्प हो । मधुमेह नियन्त्रण गर्न उच्च रक्तचाप नियन्त्रण गर्नुपर्ने हुन्छ । औषधिबाहेक नियन्त्रणका अन्य उपायमा व्यायाम र खानपान हुन् ।**

**यी दुवै समस्या जीवनशैलीसँग प्रत्यक्ष सम्बन्धित भएकाले व्यवस्थित जीवनशैली अनिवार्य उपाय हो । जीवनशैली परिवर्तन भनेको भोजन, व्यायाम, विश्राम, विचार र व्यवहारलाई स्वास्थ्यअनुकूल बनाउनु हो । अत्यधिक मात्रामा नुन सेवन नगर्ने, तारेको, भुटेको धेरै नखाने, प्रत्येक महिना रक्तचाप जाँच गर्ने र चिकित्सकको सल्लाहअनुसार कार्य गर्ने । प्रेसरको औषधि खाइरहेका व्यक्तिले तीन–तीन महिनामा जाँच गर्नुपर्ने हुन्छ ।**

**मधुमेह नियन्त्रणका लागि पनि स्वस्थ जीवनशैली अपनाउनुपर्छ । एक्सरसाइज गर्ने, प्रशस्त फलफूल खाने, फाइबरयुक्त खाना खाने, समयमै सुत्ने–उठ्ने गर्नुपर्छ । तनावपूर्ण जीवन, डर, चिन्ता, खिन्नता, उदासीनता र अनिद्राका रोगीलाई मधुमेहको जोखिम बढी हुने भएकाले यस्ता गतिविधिबाट टाढा रहने गर्नुपर्छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बजेटमा समेट्नुपर्ने विषय



• कृष्णमणि पराजुली

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट जेठ १५ गते संसद्मा पेस गर्नुपर्ने संवैधानिक प्रावधान भएकाले तीव्र रूपमा काम भइरहेको छ । आआफ्ना विषयगत क्षेत्रमा विभिन्न कार्यक्रम लैजान जनप्रतिनिधिको दौडधुप पनि चलिरहेका छन् । पछि आउने निर्वाचनमा आफू बलियो हुनका लागि पनि जनप्रतिनिधिले सक्रियता देखाउनु स्वाभाविक पनि हो ।

बजेट निर्माण गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोगले १९ खर्ब ६५ अर्बको सिलिङ उपलब्ध गराइसकेको छ । यही सीमाभित्र रहेर बजेट तर्जुमा गर्नुपर्ने भए पनि केही तलमाथि हुने गरेको देखिन्छ । विषयगत मन्त्रालयले उनीहरूलाई दिइएको सीमाभित्र रहेर बजेट तर्जुमा नगर्ने भएकाले पनि अर्थ मन्त्रालयलाई बजेट अनुशासनमा रहेर तर्जुमा गर्न कठिन हुने गर्छ । यद्यपि अर्थमन्त्रीले सबै पक्षसँग छफफल गरेर प्रभावकारी बजेट ल्याउने प्रयास गरेकै हुन्छन् ।

योजना आयोगले दिएको बजेट सीमा पनि त्यति भरपर्दो देखिँदैन भन्ने विषय पनि छफफलमा आउने गरेको छ । चालु आवको १८ खर्ब ६० अर्बको बजेट पनि खर्च नहुने अवस्था छ । योजना आयोगले दिएको १९ खर्ब ६५ अर्बको बजेट खर्च हुने आधार नभएकाले त्यति ठुलो बजेट बनाउनु महत्वाकांक्षी हुने अनुमान लगाउन सकिन्छ । अहिलेसम्मको कुल खर्च निराशाजनक छ । त्यसमा पनि चालुगत खर्च बढी देखिन्छ भने पुँजीगत खर्च न्यून देखिन्छ । यसले के देखाउँछ भने हाम्रो बजेट निर्माण प्रक्रिया नै त्रुटिपूर्ण छ वा कार्यान्वयन पक्ष कमजोर छ । जसरी बजेट निर्माण गर्दा यथार्थपरक भनिन्छ, त्यस किसिमको अवस्था खर्चले देखाउँदैन । चालुगत बजेट पूरै खर्च हुने अवस्था छ भने पुँजीगत बजेट न्यून खर्च हुने गरेको छ । यस्तै खर्च प्रक्रिया आगामी आवमा पनि नहोला भन्न सकिँदैन । त्यस कारण स्रोतको यकिन भए पछि मात्र बजेट विनियोजन गर्नुपर्ने देखिन्छ । बजेटलाई यथार्थपरक बनाइएको छ भनिए पनि बजेट यथार्थपरक नहुने परम्परा पहिलेदेखि नै रहिआएको छ ।

खर्च गर्न सक्ने क्षमतामा कुनै सुधार नगरी बजेटको आकार मात्र बढाउँदा झनै विकृति आउने हुन्छन् । त्यस कारण सीमित स्रोतसाधनलाई मध्यनजर गर्दै खर्च गर्न सक्ने भए मात्र बजेटमा समावेश गर्नु पर्छ । गत विगतको अनुभव र अहिलेको देशको आर्थिक अवस्थालाई १९६५ अर्बको बजेट खर्च हुन सक्दैन । बजेटको आकारलाई करिब १८ खर्बको हाराहारीमा ल्याउनु उपयुक्त हुने छ ।

कतिपय आयोजनाको पूर्वसम्भाव्यता अध्ययन र वित्तीय स्रोतसाधनको यकिन नभई पनि बजेट विनियोजन गरिँदा आयोजना सञ्चालनमा आउन सकेका छैनन् । यसरी एकातिर आयोजना अलपत्र भएका देखिन्छन् भने भएको साधन स्रोत पनि उपलब्धिविहीन अवस्थामा खर्च भइरहेको छ । यस्ता विषयमा आगामी आवको बजेटले ध्यान पुऱ्याउनु पर्छ ।

बजेट तर्जुमा गर्दाको अवस्थामा धेरै कमीकमजोरी हुने गरेका छन् । जनताका अपेक्षा समेट्न अनावश्यक आयोजनामा पनि बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य हुन सकेको छैन । धेरै आयोजना समावेश गर्दा सो अनुसारको वित्तीय स्रोतसाधनको पनि व्यवस्था गर्नु पर्छ ।

हाम्रो राजस्व असुली लक्ष्य अनुसार हुन सकेको छैन । राजस्वको दर बढाउनुभन्दा यसको दायरा फराकिलो बनाउन सकियो भने राजस्व बढ्न सक्ने छ । विभिन्न मित्र राष्ट्रबाट उपलब्ध हुने अनुदान पनि न्यूनीकरण हुँदै गएको छ र ऋण प्राप्त गर्ने क्षमता पनि कमजोर हुँदै गएको छ । पुँजीगत बजेट खर्च गरेको आधारमा ऋण 'डिसवर्समेन्ट' हुने हो । हाम्रो खर्च गर्न सक्ने क्षमता नै छैन भने त्यसै ऋण आउने होइन । पुँजीगत खर्च नबढाई विकास निर्माण कार्यले गतिलिन सक्ने हुँदैनन् । त्यस कारण पुँजीगत खर्च बढाउने गरी बजेट निर्माण गरिनु पर्छ । खर्च गर्ने जिम्मेवार पदाधिकारीलाई नै जिम्मेवार बनाइनु पर्छ ।

खर्चमा मात्र होइन कि राजस्वमा पनि चुनौती देखिन्छ । अहिले निजी क्षेत्र शिथिल भएको अवस्था छ । उद्योग धन्दा कलकारखाना पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन् । बजारमा माग सिर्जना नभएको कारणले गर्दा पुँजी चलायमान हुन सकेको छैन, जसको प्रत्यक्ष असर सरकारले प्राप्त गर्ने राजस्वमा परेको छ । राजस्वको लक्ष्य निर्धारण गर्दा यस्ता विषयलाई समेट्नु पर्छ । अन्यथा स्रोतको अभावमा आयोजना सञ्चालन नहुन सक्छन् ।

अझ चालुगत खर्चमा ठुलो चुनौती देखिन्छ । तीन तहका सरकार सञ्चालन गर्नु पर्दा ठुलो रकम साधारण प्रकृतिको कार्यमा बढोत्तरी हुँदै गएको छ । चालुगत खर्चलाई निश्चित सीमाभित्र राख्नु पर्छ । देशको अर्थतन्त्र सुदृढ बनाउन पुँजीगत खर्च बढाउनुपर्नेमा सो हुन सकेको छैन । पुँजीगत खर्च बढ्न नसकेकाले गर्दा उत्पादन र उत्पादकत्वमा ह्रास हुँदै गरेको छ । जतिसक्यो बढी मात्रामा चालुगत खर्च नियन्त्रण गर्दै पुँजीगत खर्च बढाउनु पर्छ ।

अहिले नेपालको ऋण करिब २६ खर्ब सात अर्ब पुगिसकेको छ । ऋणको साँवा ब्याज भुक्तानी करिब चार खर्बको हाराहारीमा छ । कस्तो विडम्बना देखिन्छ भने पुँजीगत बजेटभन्दा पनि वित्त व्यवस्थापनमा विनियोजन गरेको रकम बढी देखिन्छ । यो भनेको हामीलाई विकास बजेटभन्दा पनि बढी चाप त ऋणको साँवा ब्याज भुक्तानीमा पर्न गएको छ । यसबाट स्पष्ट बुझ्न सकिन्छ कि हाम्रो बजेट तर्जुमा र संरचना निकै चुनौतीपूर्ण छ ।

देशको अर्थतन्त्र सुधारोन्मुख भनिए पनि सहज भने देखिँदैन । अर्थतन्त्रका केही बाह्य सूचक सकारात्मक हुँदैमा समग्र अर्थतन्त्रमा सुधार हुने होइन । २० रुपियाँको सामान आयात गर्दा केवल एक रुपियाँको सामान निर्यात भएको हुन्छ । लक्ष्य अनुसार राजस्व उठ्न सक्दैन । अनुदान प्राप्तिमा पनि ह्रास हुँदै गएको छ । ऋणलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गरेर अतिरिक्त लाभ लिन सकिएको छैन । सरकारी खर्चको मूल्यमा वृद्धि हुँदै गएको छ । यस्ता विषयलाई बजेटले उपेक्षा गर्नु हुँदैन ।

चालु खर्च बढ्दै जानु र पुँजीगत खर्च कम हुनुलाई आर्थिक दृष्टिकोणबाट राम्रो मानिएको हुँदैन । सुदृढ अर्थतन्त्र निर्माण गर्न निर्ममतापूर्वक चालु खर्च कटौती गरी पुँजीगत खर्च बढाउनु पर्छ । देशमा चाहे जस्तो सुशासन स्थापित हुन सकेको छैन । भ्रष्टाचार मात्र नियन्त्रण गर्न सके पनि देशको अर्थतन्त्रको स्वरूप नै अर्कै हुन सक्छ । त्यस कारण आगामी आवको बजेटले यस्ता विसङ्गित निर्मूल गर्नेतर्फ बजेट उत्प्रेरित हुनु पर्छ ।

नेपालको बजेट वितरणमुखी बन्दै गएको छ । आफू लोकप्रिय बन्न उत्पादनमुखी कार्यक्रममा भन्दा पनि वितरणमुखी कार्यमा सीमित स्रोतसाधन प्रवाह भइरहेको छ । सुविधा उपलब्ध गराउने सम्बन्धमा विभिन्न सरकारले आफूखुसी भिन्न भिन्न किसिमले उपलब्ध गराइरहेको छ । प्रत्येक सामानको मोल एक रुपियाँ भने जस्तो गरी सबैलाई समान रूपले सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक भत्ता वितरण गरिएको छ । हुनेखानेलाई र हुँदा खानेलाई एउटै कसीमा राख्नु न्यायसङ्गत र तर्कसङ्गत हुन सक्दैन । यस्ता विषयमा अर्थमन्त्रीले निर्ममतापूर्वक कटौती गर्नु पर्छ । अनावश्यक रूपमा स्थापित भएका संरचना खारेज गर्नु पर्छ । भएकालाई चुस्त र दुरुस्त बनाउनु पर्छ । पुँजीगतमा थोरै रकम विनियोजन गर्ने त्यही पनि खर्च गर्न नसक्ने अहिलेको अवस्थामा सुधार गरिनु पर्छ । भएको खर्च पनि आवको अन्त्यतिर गरिने भएकाले न गुणस्तरयुक्त हुन सक्छ न त मितव्ययी नै ।

हाम्रो बजेट प्रणाली विकासमूलक बन्नै सकेन । विकासका लागि आवश्यक पर्ने लगानी नै हुन सकेन । कुल गार्हस्थ उत्पादनमा असर पर्न गएको छ । उत्पादनशील क्षेत्रमा लगानी गर्न नसकिएकाले जनताको जीवनस्तरमा खासै सुधार हुन सकेको छैन । अहिले प्रत्येक नेपालीको टाउकोमा करिब ९० हजारको ऋणभार छ । यस्ता विषय देशका लागि निकै संवेदनशील हुन्छन् । यसतर्फ आगामी बजेटले ध्यान दिनु पर्छ ।

अर्थतन्त्र सुधारोन्मुख देखिए पनि सधैँ यस्तै अवस्था नहुन सक्छ । सुधारोन्मुख अर्थतन्त्रका केही सूचकहरूले समग्र अर्थतन्त्रको प्रतिनिधित्व गर्न सक्दैनन् । सुदृढ अर्थतन्त्रका लागि निरन्तर सुधारको आवश्यकता पर्छ । आफ्नो अनुकूलता अनुसार खुकुलो र कसिलो नीति ल्याउने हो भने अर्थतन्त्रले गति लिनै सक्दैन । त्यस कारण स्थिर नीति ल्याउनु पर्छ । आगामी आवको बजेट ल्याउँदा माननीय अर्थमन्त्रीले तत्कालको अवस्था हेर्नुभन्दा पनि दीर्घकालीन सोच बनाएर बजेट निर्माण गर्नु पर्छ ।

केही समयअघि नेपालले फिच नामक संस्थाबाट सार्वभौम साख मूल्याङ्कन गराएको थियो । उक्त मूल्याङ्कन प्रतिवेदनबाट नेपालले 'डबल बि माइनस रेटिङ' प्राप्त गरेको थियो । यो रेटिङबाट बाह्य लगानी आउने सम्भावना बढी थियो तर केही समयपछि ' फाइनान्सियल एक्सन टास्क फोर्स' ले नेपाललाई 'ग्रे लिस्ट'मा राख्यो । 'ग्रे लिस्ट'मा पर्नु भनेको देशको अर्थतन्त्रलगायत अन्य क्षेत्रको अवस्था कमजोर हुनु हो । सरकारले मुलुकलाई 'ग्रे लिस्ट' बाट चाँडै बाहिर निकाल्ने बताउँदै आएको छ । अर्थतन्त्रमा सुधार नहुने हो भने 'ब्लाक लिस्ट' मा पर्ने सम्भावना पनि हुन्छ । जतिसक्यो छिटो 'ग्रे लिस्ट' बाट नेपाल बाहिरिनु पर्छ । आगामी बजेट तर्जुमा गर्दा यस्ता विषय प्राथमिकता पर्नु पर्छ ।

पूर्वअर्थ सचिव रामेश्वर खनालको अध्यक्षतामा गठन भएको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनले पनि अर्थतन्त्र सुधारको क्षेत्रमा दिएका सुझाव महत्वपूर्ण देखिन्छन् । प्रस्तुत सुझाव कतिसम्म आगामी बजेटमा समावेश गर्न सकिन्छ त्यसतर्फ अर्थमन्त्रीले ध्यान दिनु पर्छ । अर्थमन्त्रीका लागि यो राम्रो अवसर पनि छ किनभने करिब दुई तिहाइको सरकार, आफैँले ल्याएको नीति तथा कार्यक्रमलाई बजेटमा समावेश गरेर कार्यान्वयन गर्न पनि सहज वातावरण सिर्जना भएको छ । मुख्य प्रश्न छ राजनीतिक कटिबद्धता र प्रशासनिक प्रतिबद्धताको । प्रमुख दुई ठुला दलको सरकार देश र जनताप्रति संवेदनशील छ, हुनु पर्छ । अन्य विकल्पले आर्थिक समृद्धिको यात्रा अघि बढ्न नसकेकाले बनेको कांग्रेस-एमालेको सरकारले आउँदो बजेटमार्फत आमजनतामा आशाको सञ्चार गराउन सफल हुने आमविश्वास छ ।

# युवाको राजनीतिक सशक्तीकरण : नयाँ बिहानी

राजीव कटवाल

नेपालको मुटुमा, युवा नेताहरूले राजनीतिक क्षेत्रमा पाइला टेक्दा एउटा जीवन्त र महत्वपूर्ण परिवर्तन देखा परिरहेको छ। यो आन्दोलन सार्वजनिक पदमा बस्ने मात्र होइन, देशको शासन व्यवस्थालाई रूपान्तरण गर्ने पनि हो। आर्थिक बाधा र राजनीतिक स्थायित्वको खोजीलगायत आफ्नो राष्ट्रका अनौठो चुनौतिहरूको स्पष्ट बुझाइसँगै नेपालका युवा निर्णायक खेलाडी बनिरहेका छन्। उनीहरूले आशाको किरणको प्रतिनिधित्व गर्छन्, परिवर्तनको वकालत गर्छन् र युवाको बसाइँसराइ अनि भ्रष्टाचार जस्ता मुद्दाहरू समाधान गर्न प्रयासरत छन्। जसले नेपालको राजनीतिक परिदृश्यका लागि नयाँ दिशा तय गर्नेछ।

नेपालको राजनीतिक परिदृश्यलाई आकार दिन युवाको भूमिका : नेपालको राजनीतिक परिदृश्यमा महत्वपूर्ण परिवर्तन भइरहेका छन् र यो परिवर्तनको केन्द्रविन्दु देशका युवा नेताहरू छन्। युवा जनसंख्या भएको राष्ट्रमा राजनीतिमा युवा व्यक्तिहरूको संलग्नता वान्छनीय मात्र होइन, नवीन र प्रगतिशील नीतिहरूको विकास र कार्यान्वयनका लागि महत्वपूर्ण छ। नेपालको राजनीतिक क्षेत्रमा युवाहरूको सहभागिताले सुशासन, आर्थिक विकास र सामाजिक न्यायका लामो समयदेखि रहेका समस्याहरूलाई सम्बोधन गर्न नयाँ दृष्टिकोण र ऊर्जा ल्याउँछ। परिवर्तनका एजेन्टहरूको रूपमा नेपालमा युवा नेताहरूले आफ्नो देशको राजनीतिक र सामाजिक कथनहरूको दिशालाई आकार दिन, विश्वव्यापी प्रवृत्ति र स्थानीय आवश्यकताहरूको उनीहरूको बुझाइलाई सदुपयोग गर्न महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

नेपाली युवाको राजनीतिक संलग्नता बुझ्दै : नेपाली युवाको राजनीतिक संलग्नता विभिन्न प्रकारका हुन्छन्, राजनीतिक दलहरू र चुनावी अभियानहरूमा प्रत्यक्ष सहभागितादेखि प्रणालीगत परिवर्तनको वकालत गर्ने नागरिक समाज आन्दोलनहरूमा सक्रिय संलग्नतासम्म। बेरोजगारी, भ्रष्टाचार, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा अपर्याप्त पहुँचलगायतको भविष्यलाई असर गर्ने सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्ने इच्छाले यो संलग्नतालाई उत्प्रेरित गरेको हो। थप रूपमा, डिजिटल प्लेटफर्महरू युवा नेपालीका लागि महत्वपूर्ण औजार बनेका छन्। जसले उनीहरूलाई सूचना प्रवाह गर्न, समर्थन जुटाउन र नेताहरूलाई जवाफदेही बनाउन सक्षम पारेको छ। अवरोधका बाबजुद पनि युवा व्यक्तिहरूको देशको राजनीतिमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धताले नेपालमा थप लोकतान्त्रिक र समावेशी शासनतर्फको आशाजनक परिवर्तनलाई जनाउँछ।

नेपालका युवा राजनीतिज्ञहरूले सामना गरेका चुनौतीहरू : नेपालका युवा राजनीतिज्ञहरूले परम्परागत राजनीतिक संस्कृतिबाट उत्पन्न हुने धेरै चुनौतीहरूको सामना गर्छन्, जसले प्रायः योग्यता र नवीन सोचभन्दा वरिष्ठता र दीर्घकालीन पार्टी बफादारीलाई महत्व दिन्छ। कहिलेकाहीँ परिवर्तनको प्रतिरोधी राजनीतिक परिदृश्यलाई नकारात्मक बनाउन ठूलो लगनशीलता चाहिन्छ। यसबाहेक, युवा नेताहरूले आफ्ना विचार व्यक्त गर्न प्लेटफर्महरूको सीमित उपलब्धता र अग्रगामी पहलहरूले उनीहरूको दृश्यता तथा प्रभावलाई प्रतिबन्धित गर्छ। आर्थिक बाधाहरू अर्को महत्वपूर्ण बाधा हो, किनकि राजनीति महँगो प्रयास हुनसक्छ। सबै युवा व्यक्तिसँग राजनीतिक करियर टिकाउन स्रोतहरू हुँदैनन्। थप रूपमा, नातावाद र पक्षपातको व्यापक मुद्दाले अर्थपूर्ण राजनीतिक सहभागिता र नेतृत्वतर्फको यात्रालाई थप जटिल बनाउँछ।

राजनीतिमा युवा नेतृत्वका प्रेरणादायी कथाहरू : बाधाहरूको बाबजुद, नेपालमा युवा नेताहरूको प्रेरणादायी कथाहरू छन्, जसले महत्वपूर्ण प्रभाव पारिरहेका छन्। यी व्यक्तिहरूले यथास्थितिलाई चुनौती दिँदै र युवा पुस्ता र सीमान्तकृत समुदायहरूको आवश्यकतालाई सम्बोधन गर्ने नीतिहरूको वकालत गर्दै क्रमशः माथि उठ्न सफल भएका छन्। तिनीहरूको यात्राले लचिलोपन, रचनात्मकता र सार्वजनिक सेवामा गहिरो प्रतिबद्धताको उदाहरण दिन्छ। सामाजिक सञ्जालको सदुपयोग गरेर, तल्लो तहमा आन्दोलनहरू बनाएर वा स्थापित राजनीतिक दलहरूमा काम गरेर, यी युवा नेताले नेपालमा थप समावेशी, पारदर्शी र प्रगतिशील राजनीतिक परिदृश्यका लागि जग बसाइरहेका छन्। तिनको सफलताले अन्य युवालाई राजनीतिमा संलग्न हुन प्रेरित मात्र गर्दैन, देशको लोकतान्त्रिक प्रक्रिया र शासनका लागि आशादायी भविष्यको संकेत पनि दिन्छ।

नेपाली युवामा विश्वव्यापी पहलहरूको प्रभाव : विश्वव्यापी पहलहरूले नेपाली युवामाझ राजनीतिक परिदृश्यलाई ढाल्न, उनीहरूलाई आफ्नो आवाज व्यक्त गर्न र लोकतान्त्रिक प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन प्लेटफर्महरू उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेलेको छ। शैक्षिकदेखि आर्थिक सहयोगसम्मका यी कार्यक्रमले नेपालका युवा नेतालाई उनीहरूको समुदायभित्र र बाहिर सकारात्मक परिवर्तनलाई प्रभाव पार्न आवश्यक पर्ने उपकरण प्रदान गर्छन्।

युवा प्रजातन्त्र कोहोर्ट र ग्लोबल पार्टनरसिप : युवा प्रजातन्त्र कोहोर्ट, उदाहरणका लागि, एक प्लेटफर्म हो। जसले विभिन्न पृष्ठभूमिका युवा नेतालाई आफ्ना अनुभव साझा गर्न र आआफ्नो क्षेत्रमा प्रजातन्त्र सुधार गर्नेबारे एकअर्काबाट सिक्न ल्याउँछ। यो पहलले राजनीतिमा युवा नेतृत्वको महत्वलाई जोड दिन्छ, कसरी युवा व्यक्तिहरूले राजनीतिक परिवर्तनका लागि उत्प्रेरकको रूपमा काम गर्न सक्छन् भनेर जोड दिन्छ। यसैगरी, विश्व बैंक समूह र शिक्षाका लागि ग्लोबल पार्टनर सिप जस्ता विश्वव्यापी संस्थाहरूसँगको साझेदारीले युवा नेताहरूको क्षमतालाई अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएको मात्र होइन, उनीहरूको राजनीतिक र शैक्षिक विकासमा सहयोग गर्ने अवसरहरू सिर्जना गर्ने प्रतिबद्धतालाई पनि जोड दिन्छ।

राजनीतिक संलग्नताका लागि शैक्षिक र आर्थिक अवसरहरू : शैक्षिक अवसरहरू, विश्वव्यापी साझेदारीको नेतृत्वमा, नेपालका युवामाझ जानकार र दक्ष राजनीतिक नेताहरूको पालनपोषणका लागि महत्वपूर्ण छन्। समावेशी शिक्षा र लैंगिक समानतालाई जोड दिने कार्यक्रमहरूले युवालाई फराकिलो, समावेशी परिप्रेक्ष्यका साथ जटिल राजनीतिक मुद्दाहरू समाधान गर्न तयार पार्छ। यसबीच, आर्थिक अवसरहरू उत्तिकै महत्वपूर्ण छन्। गरिबी घटाउने र साझा समृद्धिको प्रवर्द्धन गर्ने उद्देश्यले विकास कार्यक्रमहरूले युवालाई राजनीतिमा संलग्न हुन आवश्यक आर्थिक स्थायित्व सुनिश्चित गर्न, उनीहरूलाई आफ्नो समाजमा परिवर्तनको अभिकर्ता बन्न सशक्त बनाउँछ।

आर्थिक चुनौतीहरू सम्बोधन र राजनीतिक स्थिरताको प्रवर्द्धन : नेपालमा युवा पलायन र भ्रष्टाचारलगायतका आर्थिक चुनौतीले राजनीतिक स्थायित्व र राजनीतिमा युवाको सक्रिय सहभागितामा महत्वपूर्ण अवरोध खडा गरेको छ। रोजगारीका अवसरहरू सिर्जना गर्ने र आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने उद्देश्यले गरिएका पहलहरू यी समस्यालाई सम्बोधन गर्न महत्वपूर्ण छन्। राजनीतिक स्थायित्व प्रवर्धन गर्दै यस्ता प्रयासले युवालाई राजनीतिक क्षेत्रमा सक्रिय रूपमा संलग्न हुन, अर्थपूर्ण परिवर्तनको वकालत गर्ने र लोकतान्त्रिक प्रक्रियामा योगदान पुऱ्याउन सम्भव बनाउँछ। यो दृष्टिकोणले नेपाली युवालाई मात्रै सशक्त बनाउँदैन बरु राजनीति अझ समावेशी, जवाफदेही र देशभित्रका विविध आवाजको प्रतिनिधित्व गर्नेछ।

नेपालको राजनीतिमा युवाको भविष्य : नेपालको राजनीतिमा युवाको भविष्य आशादायी देखिन्छ। युवा नेताहरूलाई सशक्तीकरणमा केन्द्रित पहलहरूको बढ्दो संख्या र शासनमा युवाको महत्वलाई मान्यता दिने विश्वव्यापी परिवर्तनका साथ, युवा नेपाली राजनीतिक विकासमा केन्द्रीय भूमिका खेल्न तयार छन्। उनीहरूको ऊर्जा, सिर्जनशीलता र परिवर्तनको जोशलाई सदुपयोग गरेर उनीहरूले नेपाललाई आर्थिक स्थायित्व, सामाजिक न्याय र दिगो विकासतर्फ डोहोऱ्याउन सक्छन्। युवाको आवाज मात्र सुनिने होइन, देशको भविष्य निर्माणमा प्रभावकारी हुने कुरा पनि यसले सुनिश्चित गर्छ।

निष्कर्ष : नेपालको राजनीतिक परिदृश्यमा युवाहरूको भूमिका विगतका वर्षहरूमा उल्लेखनीय रूपमा विकसित भएको छ। देशलाई थप समावेशी र प्रगतिशील सुधारतर्फ धकेल्दै युवा नेताहरू परिवर्तनका लागि उत्प्रेरक बनिरहेका छन्। युवा प्रजातन्त्र कोहोर्ट जस्ता पहलमार्फत् युवा नेपाली दर्शक मात्र होइनन्, राजनीतिक बहसलाई आकार दिन सक्रिय सहभागी हुन्। आर्थिक चुनौती र स्थिर शासनको आवश्यकतासँग जुधिरहेको देशमा यो संलग्नता महत्वपूर्ण छ। यसका साथै प्रवासी र भ्रष्टाचार जस्ता समस्यालाई सम्बोधन गर्न नेपाली युवाको समर्पणले प्रतिकूलताका बाबजुद पनि नेपाललाई समृद्धि र स्थायित्वको नयाँ युगमा लैजाने क्षमतालाई जोड दिन्छ।

# कानुन कार्यान्वयन नहुँदा दुर्व्यसन बढ्यो



• इन्द्रप्रसाद ओली

मानव सृष्टिसंगै विभिन्न प्रकारका अवसर र चुनौती संगै आएका हुन् ।मानवको विकाससंगै विभिन्न किसिमका समस्याहरु पनि विकसित हुँदै आएका छन् र ती समस्यालाई समाधान पनि मानव समुदायले नै गर्दै अगाडि बढेको पाइन्छ ।समयअनुकूल रोग व्याधि , महामारी क्रमशः आइनै रहेका छन् ।तिनको निदान र न्यूनीकरण यहि समुदायले नै गर्दै आएको छ ।चाहे माइ खटिरा , दादुरा , टि बि ,प्लेग, कोरोना आदि महामारीको रुपमा आए, तिनको निदान , खोज अनुसन्धान पनि यही मानव समुदायले समाधान गर्दै अघि बढेको पाइन्छ । त्यस्तै वर्तमान समयमा विश्वव्यापी रुपमा महामारी नभएता पनि त्यस्तै रुप लिएर लागूऔषध दुर्व्यसन विश्वव्यापी समस्याको रुपमा झाँगिदै गएको पाइन्छ ।यसको न्यूनीकरण , नियन्त्रणको लागि विभिन्न राष्ट्रहरुले आ - आफ्नो ढंग, तवर, तरिकाबाट न्यूनीकरण गर्ने प्रयास गरेको पाइन्छ ।प्रायः शिक्षा ( सचेतना ) उपचार तथा पुनर्स्थापना , बन्दीगृह ( कारागारमा राखेर ) कठोर कानुनी माध्यम आदिबाट न्यूनीकरण गर्ने प्रयास गरेको पाइन्छ ।

नेपालमा पनि लागूऔषध प्रयोगकर्ताको संख्या दिन प्रतिदिन बढ्दै गएको छ ।विशेषगरी सहरी क्षेत्र तथा सीमावर्ती क्षेत्रमा यसको व्यापक दुरुपयोग भएको छ ।अधिक आकांक्षा बोक्ने युवायुवतीहरु लागूपदार्थको लतमा फस्ने गरेको पाइन्छ । कोशी प्रदेशको झापा, मोरङ , सुनसरी, इलाम ,उदयपुरमा अत्यधिक रुपमा बढेको विभिन्न तथ्यांक एवम् प्रहरी कार्वाहीमा परेका र पक्राउको संख्या तथा उपचार केन्द्रहरुमा रहेको लिस्टबाट नै प्रष्ट हुन आउँछ र अन्य पहाडी जिल्लाहरुमा पनि समस्या बढ्दै गाउँ दुरदराजसम्म असर पर्दै गएको पाइन्छ ।

नेपाल सरकारले पनि यी समस्या समाधान गर्न विभिन्न मिति र समयमा ऐन कानुन बनाइ लागूऔषध दुर्व्यसनलाई न्यूनीकरण गर्ने प्रयास गरेको पाइन्छ ।

सुर्तिजन्य ,मदिराजन्य पदार्थ तथा लागूऔषध नियन्त्रणमा न्यूनीकरणमा राज्यद्वारा गरिएका प्रयासहरु यसप्रकार छन् ।

- होटल व्यवस्था तथा मदिरा बिक्री- वितरण ( नियन्त्रण ऐन २०२३
- मदिरा ऐन २०३१
- मदिरा नियन्त्रण तथा निर्देशिका २०३३
- लागूऔषध नियन्त्रण ऐन २०३३
- औषधि व्यवस्था ऐन २०३५
- लागूऔषध नियन्त्रण राष्ट्रिय नीति २०६३
- लागूऔषध नियन्त्रण रणनीति २०६६
- सुर्ति पदार्थ ( नियन्त्रण र नियमन गर्ने ) ऐन २०६८
- लागूऔषध मौखिक प्रतिस्थापन उपचार पद्धति कार्य सञ्चालन निर्देशिका , २०७०
- सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका २०७१
- लागूऔषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका२०७५
- लागूऔषध नियन्त्रण कार्ययोजना २०७५
- साझेदारीमा लागूऔषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि २०७५
- लागूऔषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६
- लागूऔषध रोकथाम तथा नियन्त्रण गुरुयोजना २०७९- २०८४
- नेपाल प्रहरीबाट सञ्चालित समुदाय - प्रहरी साझेदारी कार्यक्रम २०८०

माथि उल्लेखित ऐन कानुनलाई अध्ययन गर्दा अन्य देशभन्दा बढी सशक्त भएको देखिन्छ ।कानुनका निर्जीव पानाहरुमा ,?

तर सामान्य होटल व्यवस्था तथा मदिराको विक्री वितरण ( नियन्त्रण ) ऐन २०२३ सम्म कार्यान्वयनमा नआउनु र सरोकारवाला निकाय पक्ष नै मौन हुनुले नै प्रष्ट हुन्छ कि तीभन्दा यता बनेका ऐन नियम कानुन , निर्देशिका परिपत्र लागू हुने कुरा नै भएन ।

आज नार्कोटिक्स ड्रग्स ( कडा खाले ) को कुरा चर्को स्वरमा भाषणको रुपमा त बोल्छौ तर मदिरा ऐन सुर्ति नियन्त्रण ऐनको बारेमा न बोल्छौ न भएका कानुन अध्ययन गरेर लागू गरेका नै छौ । जुन ड्रग्सको सुरुवाती चरणको पहिलो खुड्किलो नै त्यही हो । त्यो कानुन निर्देशिका न सरोकारवाला न प्रहरी मुकदर्शक भएर हिडेको पाइन्छ ।१८ वर्ष मुनिका किशोर किशोरी चुरोट खैनी , मदिरा खुल्ला रुपमा सेवन र उनीहरुलाई निर्धक्क विक्री वितरण भएको छ ।स्कुल क्याम्पसका गेटमा सजाएर विद्यार्थीलाई आकर्षित गरि ती बालबालिकामाथि व्यापार गरिन्छ । प्रहरी प्रशासन , आन्तरिक राजस्व कार्यालय, स्वास्थ्य, शिक्षा , जिल्ला प्रशासन , पालिका मौन र मुकदर्शक रुपमा रहेको पाइन्छ ।अनि कसरी कानुन कार्यान्वयन हुने ? जवाफदेही संस्था निकाय को हो ? प्रश्न चिन्ह खडा भएको छ ।

जब सुर्तिजन्यमा १०० ( एकसय ) देखि १००००० ( एकलाख सम्म ) जरिवाना छ । १८ वर्ष मुनिका किशोर किशोरी ,गर्भवती महिलालाई सुर्तिजन्य पदार्थ विक्री वितरण तथा निःशुल्क दिए उपलब्ध गराएमा ठाउँको ठाउँ १० हजार ( दस हजार ) जरिवाना छ। मदिराजन्यमा पनि एकलाखसम्म जरिवाना र ६ महिना कैद वा दुवै सजाय हुने प्रावधान छ तर सरोकार जिम्मेवारी निकाय मौन छन् । सायद ती नियम कानुन कुनै दराजभित्र थन्किएका होलान् । तसर्थ सरोकारवाला निकायलाई समन्वय गरि कार्यान्वयनको लागि अनुरोध गरिन्छ ।

लागूऔषध दुर्व्यसन न्यूनीकरण गर्न निम्नानुसारका सुझाव प्रस्तुत गरिन्छ ।

( १) हालसम्म प्रयास भएका ऐन कानुन , नियम निर्देशिकालाई अध्ययन गरि सम्बन्धित निकाय सरोकारवाला कार्यालयलाई अक्षरस पालना गर्न, गराउन ध्यान आकृष्ट गराउने ,गर्न गराउन नसके कारणसहित जवाफ लिने ,सबैलाई जवाफदेहिता जिम्मेवारी बोध गराउने ।

(२) प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालय , पालिका , शिक्षा , स्वास्थ्य , भन्सार , आन्तरिक राजस्व कार्यालय, उपभोक्ता जागरण अभियान , नागरिक समाज, पत्रकारको प्रतिनिधित्व हुने गरि कुलत दुर्व्यसन र अन्य विकृति न्यूनीकरण समिति गठन गरि भएका कानुनलाई नागरिकसमक्ष पुर्‍याउने , उद्योगी व्यवसायी , सम्पिङ कम्प्लेस ,खुद्रा व्यापारीलाई विषयगत कानुनको प्रशिक्षण दिने र कार्यान्वयन गर्ने ।

(३) उपचार तथा पुनर्स्थापना केन्द्रहरुलाई अनिवार्य मापदण्ड अनुसार २०७५ को निर्देशिका अनुसार सञ्चालन गर्न प्रेरित गर्ने , उदाहरणीय काम गर्ने संस्थालाई पुरस्कृत र कानुन विपरित गर्नेलाई दण्डितको व्यवस्था गर्ने उपचारलाई भरपर्दो विश्वासिलो र मानवीय संवेदनशिलतालाई उच्च प्राथमिकतामा राख्न सबैको पाठ्यविधि सिकाइलाई एकरुपता गर्ने ,पाठ्यसामग्री तयार गर्ने ,१२० दिनलाई लक्षित गरि उपचार विधि गर्न गराउन व्यबस्था मिलाउने ।

(४) मापदण्ड बिनाका केन्द्रमा प्रहरी कार्यालय , नगरपालिका र अन्य संस्थाले त्यस्ता केन्द्रमा लागूऔषध प्रयोगकर्ता रिफर नगर्ने ।

(५) पालिका , प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मापदण्ड पुगेका उपचार केन्द्रहरुको विवरण राख्ने ,जनहितका लागि सूचना दिने ।

(६) उपचार पूरा १२० दिन राख्ने ,शुल्कमा मापदण्ड निर्माण गर्ने ,विधि प्रकियाले मात्र सञ्चालन गर्ने , जिल्लास्तरीय गठित समितिले तीन- तीन महिनामा अनुगमन गर्ने , होटल , खुद्रापसल , डिलर , सपिङ्ग कम्प्लेस सहितको अनुगमन गरि पेशा व्यवसाय कानुनतः छन् छैन निष्पक्ष ढंगबाट मूल्यांकन गर्ने गराउने ।

(७) दुर्व्यसनविरुद्ध स्कुल क्याम्पसमा सम्बन्धित शिक्षक वा विज्ञबाट सचेतना कार्यक्रम सञ्चालन गर्ने, प्रहरी प्रशासनले कानुन कार्यान्वयन तथा कार्वाहीमा ध्यान दिने ।

( ८) गठित समितिले ३/३ महिनामा भए गरेका प्रगति विवरण सुधार भएका पक्ष थप चुनौतिहरु सार्वजनिक गर्नुको साथै सम्बन्धित निकाय मन्त्रालयलाई जानकारी गराइ सहज कार्यान्वयनको व्यवस्था मिलाउने ।

(९) प्रशिक्षण विधि एकरुपता गर्ने गराउने , समग्र विषयलाई समेटी उपयोगी स्रोत बुकको रुपमा चेतना नेपालबाट प्रकाशित दिव्य दृष्टि पुस्तकबाट समेत सदुपयोग र श्रोतको रुपमा लिन सकिन्छ र त्यसलाई गठित समितिले थपघट गरि पाठ्यसामग्री तयार गरि कार्यान्वयन गर्ने गराउने । माथि उल्लेखित ऐन नियम कानुन निर्देशिकाहरुलाई कार्यान्वयनको लागि दुई दशकदेखि प्राप्त गरेको अनुभव र वास्तविक विषयलाई गहिरो अध्ययन गरि दुर्व्यसन न्यूनीकरण गर्ने चेतना नेपालको हुटहुटीलाई पक्कै पनि गाम्भिर्यताका साथ कार्यान्वयनको दिशामा कदम चाल्न यो संक्षिप्त सुझाव सरोकारवालालाई ध्यान आकृष्ट गराउने चेष्टा हो।समस्या केलाएको मात्र होइन समाधान पनि दिएको हो । सरोकारवाला सम्बन्धित पक्षले यी उल्लेखित विषयको उत्तर दिन र खोजी गर्न जरुरी छ ।

## झापामा दुईजना मोटरसाइकल चालक घाइते

झापा(प्रस) । झापामा भएका सवारी दुर्घटनामा दुईजना मोटरसाइकल चालक घाइते भएका छन् । शुक्रवार दिउँसो अन्दाजी ४ बजे मेचीनगर नगरपालिका वडा नम्वर -९ झण्डी चौकस्थित भित्री पक्की सडकखण्डमा मागुरमारीबाट मंगलबारेतर्फ जाँदै गरेको डब्लुबी ६० एल ५५३९ नम्बरको सुमोले बाटो क्रस गर्दै गरेको प्र.१-०१-०१५ प.५२०७



नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर नगरपालिका वडा नम्वर-८ इटाभट्टा बस्ने २४ वर्षीय रोहन कोईराला गंभीर घाइते भएका छन् । उनको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । मोटरसाइकल, सुमो र सुमो चालक भारत कालेबुङ घर भई हाल मेचीनगर नगरपालिका वडा नम्वर-६ काँकरभिट्टा बस्ने ४७ वर्षीय शरण शर्मा इलाका प्रहरी कार्यालय धुलाबारीको नियन्त्रणमा रहेका छन् ।

त्यस्तै शुक्रवार दिउँसो ३ः३० बजे कनकाई नगरपालिका वडा नं. १ जामुनबारीस्थित पूर्वपश्चिम राजमार्गमा दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको मे.९प ६२९९ नं.को मोटरसाइकललाई बाटो क्रस गर्ने क्रममा सोही दिशातर्फ आउँदै गरेको बा.९च ५२० नं.को पिकअपले ठक्कर दिएको छ । दुर्घटनामा मोटरसाइकल चालक दमक नगरपालिका वडा नं. ७ बस्ने ४७ वर्षीय रमेश सेवा दर्जी घाइते भएका छन् । घाइतेलाई उपचारको लागि निम्स अस्पताल दमक पठाइएको छ। पिकअप चालक सिन्धुली नगरपालिका वडा नं. ११ बस्ने २८ वर्षीय अमर बिश्वकर्मालाई नियन्त्रणमा लिएको र दुवै सवारी साधन खाल्डोमा पल्टेकाले निकाल्ने पहल भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

## मेची...

मानिन्छ ।

अस्पतालको सुविधायुक्त भौतिक संरचनाको निर्माण , सुरक्षित पार्किङस्थलको व्यवस्थापन , स्वास्थ्य मापदण्ड अनुसार शुद्ध पिउने पानीको प्रबन्ध , नियमित सरसफाईमा ध्यान , अस्पताल हाताभित्र रातको महसुस नहुने मासलाइटको जडान , दक्ष जनशक्तिद्वारा उत्कृष्ट सेवा सुविधाको अतिरिक्त फराकिलो क्षेत्रमा सुन्दर बागबगैचाले सज्जिएको मनमोहक दृश्यले त मेची आँखा अस्पताल आकर्षणको मुख्य थलो ने बनेको छ । सायद, देशकै एक नमूना आँखा अस्पताल हो भन्दा फरक नपर्ला ।

अस्पतालले स्मार्ट साइट लेजर आँखा शल्यक्रिया, मोतिविन्दु( Cataract), जलविन्दु (Glaucoma) र कोर्नियाल( Corneal) को शल्यक्रिया , व्रिटियो-रेटिना (Vitreos– Retina) को उपचार सेवा , सुख्खा आँखा ( Dry eye ) को उपचार, अस्पताल भित्री विरामी( In–Patient) सेवा , आँखा प्लाष्टिक (Oculoplastic) शल्यक्रिया , रोग जाँच प्रयोगशाला सेवा ,कानजाँच तथा अन्य शल्यक्रियाका सेवाहरु उपलव्ध गराउँदै आएको छ । साथै अस्पतालको विस्तारित शाखाहरु गौरीगञ्ज , दमक , सुरुङ्गा ,बनियानी , भद्रपुर र अन्य जिल्लाबाट समेत उपचार सेवा प्रदान गर्दै आएको छ ।

अस्पतालको उत्कृष्ट उपचार सेवा र सुविधा त छँदैछ, निकट भविष्यमा नेत्र चिकित्सा तथा प्रविधि सम्बन्धी अध्ययन हुने निश्चित भएको छ । अध्ययनको लागि नेशनल एकाडेमी अफ मेडिकल साइन्स ( NAMS) संग संझौता भई सम्बन्धन (Affiliation) लिइसकेको बताउनु हुन्छ अस्पतालका अध्यक्ष जलकुमार गुरुङ ।

मेची आँखा अस्पतालको परिचय मुलुक बाहिर पनि जोडिएका कारण निजी स्तरमा खोलिएका अस्पतालहरुको आन्तरिक व्यवसाय मा समेत मद्धत पुगेको छ । र, अहिले बिर्तामोडमा आधा दर्जनको हाराहारीमा निजी स्तरका आँखा अस्पतालहरु संचालनमा आइसकेका छन् । यसले के पुष्टि गर्छ भने बिर्तामोड पूर्व क्षेत्रकै एक नेत्र उपचार केन्द्र (Eye treatment hub) को रुपमा विकास भएको छ ।

भारतको विभिन्न राज्यहरु र नेपाल भित्रैबाट आउने नेत्र पर्यटक( विरामी) को प्राथमिकतामा पर्ने मेची आँखा अस्पताल बिर्तामोड नगरको आर्थिक वृद्धि- विकासमा एक महत्वपूर्ण अंग बनेको छ ।

विकासको बाधक नै भ्रष्टाचार हो । भ्रष्टाचार देशको प्रमुख शत्रु हुन् । वित्तीय अपारदर्शिता , दलीय भागवण्डा, नातावाद , कृपावाद, परिवारवाद आदि भ्रष्टाचारको परिभाषाभित्र पर्दछन् । यी सबै समाजमा विकृत रुपहुन् । अझ संस्थागत र नीतिगत भ्रष्टाचार त छँदैछ ।

हामी विकासका नाममा राजनैतिक वृत्तबाट आएका मलेसियाका महाथीर महमद , सिंगापुरका ली क्वान यू र चीनका देङ सियाओ पिङदेखि सी चिनपिङसम्मका उदाहरणहरु दिने गर्छौं ।

तर हाम्रा देशका पेशाको रुपमा उदाएका योजनाकारहरु बालकोटदेखि दमकको भ्यू टावर जोड्छन्, सिंहदरबारदेखि गिरीबन्धु चिया बगान रोप्छन् , बाल मन्दिरदेखि बालुवाटार ताक्छन् र सहकारीदेखि भुटानी शरणार्थीसम्मका विकासका योजनाहरु बुन्छन् ।

हामीले सिंगापुर र मलेसियाको विकास खोजेका छैनौं , न त दुबईको पानी जहाज र बुर्जखलिफा जस्तो गगनचुम्बी भवनको विकास रोजेका छौं । हामी केवल बेथिति र भ्रष्टाचार अन्त्यको संस्कार , संस्कृति बसाल्ने अभियन्ता (Engineer) को विकास खोजेका छौं । आसन , भाषण र शासनमा मात्र रुमलिने र रमाउने अभियन्ताको अन्त्यको विकास खोजेका छौं ।

हाम्रो बिर्तामोड , राम्रो बिर्तामोडको नारासार्थक बनाउन विकासको साथी मेची आँखा अस्पतालका वर्तमान अध्यक्ष जलकुमार गुरुङको जस्तो अनुकरणीय कार्य र संस्कारको अनुशरण गर्दै जाति र पार्टीको निहित स्वार्थ भन्दा माथि उठेर विकास अभियानमा जुटौं ।

पूर्व क्षेत्रकै 'शान'को रुपमा पूर्वबाटै उदाएको मेची आँखा अस्पतालको संरक्षण र प्रवर्द्धन गर्ने जिम्मेवारी हामी सबै सचेत नागरिकको काँधमा आएको छ । आधुनिक नेत्र विज्ञानको प्रविधि र विकाससंग जोडिदै मेची आँखा अस्पतालको यात्रा निरन्तर कायम रहोस् ।

## बाह्रदशी...

छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावकत्व ग्रहण गर्दै प्रत्येक वर्ष उनीहरुको पढाई खर्च व्यहोर्दै आएको जेसीजले यो वर्ष पनि सो कार्यक्रमलाई निरन्तरता दिएको हो । अभिभावकत्व ग्रहण गरिएका बालबालिकालाई उच्च शिक्षा अध्ययनमा समेत जिम्मेवारी लिइने बताइएको छ ।

जेसीजले गरेको कार्यक्रमको प्रशंसा गर्दै गाउँपालिका अध्यक्ष चम्लागाईले समेत दुई जना बालबालिकाको अभिभावकत्व ग्रहण गरेका छन् । उनले अमृत माध्यमिक विद्यालय भागुडुब्बामा अध्ययनरत विद्यार्थी मनिष राजवंशी र सुन्दरपुर आधारभूत विद्यालयका विद्यार्थी आशिका गणेशको अभिभावकत्व ग्रहण गरेका हुन् ।

त्यस्तै बाह्रदशी जेसीज सन २०२५ का अध्यक्ष तीर्थप्रसाद काफ्लेले फूलवारी माविका विद्यार्थी पद्मा राजवंशीको अभिभावकत्व ग्रहण गरेका छन् । एक सदस्य एक अभिभावक भन्ने नारा लिएको जेसीजले शुरु गरेको कार्यक्रमअन्तर्गत जेसीजका संस्थापक अध्यक्ष विगम श्रेष्ठ - डिकप्रसाद आचार्य, पूर्व अध्यक्ष पुष्पलाल धमला - सुहानी खातुन, पूर्व अध्यक्ष लक्ष्मी प्रसाद उप्रेती -सविता माझी, निर्वतमान अध्यक्ष खगेन्द्र सुवेदी - आशिका खवासको अभिभावकत्व ग्रहण गरेका हुन् ।

त्यस्तै राजु अधिकारी - अनुज गिरी, विश्वास गौतम - अम्विका सुवेदी, डिककुमार कटुवाल -लुकेश राजवंशी, सदिक्षा खड्का -जशोदा कुर्मी, पुष्प भट्टलाई - सुशील लिम्बू, गोकुल घिमिरे - दामिनी शाह, गोपाल उप्रेती - अस्मिता हस्दा , प्रकाश फुयाल -रिदिमा राजवंशी, नवराज दाहाल - अनिता राजवंशी र नवीन त्रिताल - सृजना सोरेनको अभिभावकत्व ग्रहण गरेका छन् । दुई खण्डमा गरिएको कार्यक्रमअन्तर्गत भितेपात्रो विमोचन विश्वास गौतमको संयोजकत्वमा भएको थियो । अभिभावकत्व ग्रहण कार्यक्रम राजु अधिकारीको संयोजकत्वमा भएको हो ।

बाह्रदशी जेसीज सन २०२५ का अधयक्ष तीर्थप्रसाद काफ्लेको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष चम्लागाईले वाह्रदशी जेसीजले उत्कृष्ट र रचनात्मक कार्य गरेको भन्दै प्रशंसा गरे । कार्यक्रमका विशेष अतिथि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत निरौलाले बालबालिकाको शिक्षा क्षेत्रमा गरिएको लगानीलाई खेर जान नदिन समय समयमा अनुगमन गर्न सुझाव समेत दिए ।

कार्यक्रममा पशुपति माध्यमिक विद्यालयका प्रधानाध्यापक थीरकुमार दाहाल (कुमार), वाह्रदशी गाउँपालिका ४ का वडाध्यक्ष महताव आलम, नेपाल जेसीजका कार्यकारिणी गणेश सापकोटालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

राजु अधिकारीले स्वागत गरेको कार्यक्रममा आस्था बाचन विश्वास गौतमले गरेका थिए भने जेसीजको मिसन भिजन गोपाल उप्रेतीले गरेका थिए । कार्यक्रमको संचालन बाह्रदशी जेसीजकी महासचिव सदिक्षा खड्काले गरेकी थिइन् ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।